बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

फोन नं: ०११-४९०२०१/४९०५८९
Email: adokavre@gmail.com,
Web: https://kavre.ado.gov.np/

# कृषि विकास कार्यालय, काभ्रेपलाञ्चोक

## कृषि यन्त्र/औजार/उपकरण आपूर्तिका लागि शिलबन्दी प्रस्ताव आव्हान सम्बन्धी सूचना

सूचना नं १०/०८१/८२

प्रथम पटक प्रकाशित मितिः २०८१/०८/११

ने.सं. ११४५ कछलागा ११ मंगलवार

कृषि विकास कार्यालय, काभ्रेपलान्चोकको आ.व २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार यान्त्रीकरण तथा प्रविधि प्रवर्द्धन कार्यक्रम संचालनार्थ "कृषि यान्त्रिकरण तथा प्रविधि प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ बमोजिम कृपकहरुको माग र स्वीकृत बजेटको परिधि भित्र रही कृषि यन्त्र/औजार/उपकरणहरु अनुदानमा उपलब्ध गराउने प्रयोजनका लागि तपसिलमा उल्लेखित कृषि यन्त्र/औजार/उपकरणहरु न्यूनतम दरभाउमा आपूर्ति गर्न इच्छुक न्युनतम योग्यता पुगेका आधिकारिक उत्पादक/विक्रेता/फर्महरुले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०८१/०८/२५ गते) कार्यालय समय भित्र तपसिलमा उल्लेखित कागजातहरु सहित प्रति इकाई शिलबन्दी दरभाउ प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कार्यवाही हुनेछैन । कृषि यन्त्र/औजार/उपकरणहरुको स्वीकृत प्राविधिक स्पेशिफिकेशन र सिलबन्दी दरभाउ प्रस्ताव फारम यस कार्यालय तथा कार्यालयको वेभसाइट https://kavre.ado.gov.np/ बाट डाउनलोड गरि प्राप्त गर्न सकिनेछ ।

आपूर्ति गर्नुपर्ने कृषि यन्त्र/औजार/उपकरणहरुः

| S.N. | Particulars | S.N. | Particulars |
|---|---|---|---|
| 1 | Diesel Mini Tillers | 12 | Fogger Set |
| 2 | Petrol Mini Tillers | 13 | Blower |
| 3 | Electric Combine mill | 14 | Coffee Roaster Machine |
| 4 | Combined Power Thresher | 15 | Coffee Peeling Machine |
| 5 | Self-Propelled Rice Transplanter(Walking type) | 16 | Disc Type Pulper Machine For Coffee |
| 6 | Manually Operated Rice Transplanter(Walking type) | 17 | Automatic Sensor Based Irrigation and Fertigation |
| 7 | Maize Sheller | 18 | Potato Planter |
| 8 | Power Tiller | 19 | Post Hole Digger |
| 9 | Power Sprayer | 20 | Combined Tillage |
| 10 | Two in One electric sprayer | 21 | Portable Bag Closer Sewing Maching |
| 11 | Bed Former | | |

आवश्यक कामजात एवं शर्तहरुः

१) फर्म/संस्था/कम्पनी दर्ता तथा नवीकरणको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर (VAT) / (PAN) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

२) कम्पनीको हकमा कम्पनी रजिष्टर कार्यालयबाट गरिने कम्पनी अध्यावधिक भएको पत्र,

कुल प्रसाद दमाई
कार्यालय प्रमुख
अधिकृत स्तर नवौं

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
फोन नं: ०११-४९०२०१/४९०५८९
Email: adokavre@gmail.com,
Web: https://kavre.ado.gov.np/

# कृषि विकास कार्यालय, काभ्रेपलाञ्चोक

३) आ.व २०८०/०८१ को करचुक्ता तथा लेखापरीक्षणको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

४) सामग्रीहरुको उत्पादक कम्पनीको आधिकारिक बिक्रेता वा Authorized agent/डिलरशिप रहेको प्रमाणपत्र,

५) संस्थाले कुनै सजाय नपाएको वा संस्था कालो सूचीमा नपरेको स्वः घोषणापत्र,

६) सिलबन्दी दरभाउ प्रस्ताव फारममा आपूर्ति गरिने सामग्रीहरुको प्राविधिक स्पेशिफिकेसन खुलाइ प्रति ईकाइ दररेट नेपाली रुपैया अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। सिलबन्दी दरभाउ प्रस्ताव फारम पूर्ण रुपमा भरी प्रमाणित गरेको हुनुपर्नेछ।

७) आपूर्तिकर्ताले आपुर्ति गर्न खोजेको कृषि यन्त्र/औजार/उपकरणहरुको प्रस्तावित मोडल र ब्राण्डरुको आधिकारिक टेस्ट रिपोर्टको प्रमाणित प्रतिलिपि ।

८) आपूर्ति गर्न सकिने कृषि यन्त्र/औजार/उपकरणहरुको स्पेशिफिकेसन, ब्रान्ड, मोडल, उत्पादक कम्पनी र देश खुल्ने क्याटलग, लिफलेट वा ब्रोसर अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

९) आपूर्तिकर्ताहरुले कृषकहरुलाई विक्री वितरण गर्ने कृषि औजार/उपकरणहरु सम्बन्धित प्राविधिकले चेकजाँच गरी स्विकृत प्राविधिक स्पेशिफिकेसन अनुसार नै रहेको प्रमाणित गरी कृषकहरुलाई विक्री वितरण गर्ने र सो को एकमुष्ठ प्रतिवेदन कार्यालयलाई उपलब्ध गराउने प्रतिवद्धतापत्र ।

कुल प्रसाद दवाडी
कार्यालय प्रमुख
अधिकृत स्तर नवौं